# आ.व. २०८२/०८३ को प्रथम चौमासिक मूल्य विश्लेषण प्रतिवेदन, २०८२


नेपाल सरकार

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

बबरमहल, काठमाण्डौ

## आ.व. २०८२/०८३ को प्रथम चौमासिक मूल्य विश्लेषण प्रतिवेदन २०८२

### १.पृष्ठभूमिः

बजार मूल्यसँग सम्बन्धित तथ्याङ्क नै मूल्य तथ्याङ्क हो।यो आर्थिक क्षेत्रको एक महत्वपूर्ण औजार हो, जसले बजारको अवस्थाको चित्रण गर्दछ।जस्तैः उपभोक्ताले उपभोग गर्ने वस्तु तथा सेवाहरूको आवधिक मूल्य, उत्पादकको मूल्य, कृषिजन्य वस्तुहरूको मूल्य, आयात वा निर्यात गरिएका वस्तुहरूको मूल्य, मूल्य सूचाकाङ्कहरू आदि।मूल्य धेरै किसिमका भएतापनि आधारभूत मूल्य (Basic Price), उत्पादकको मूल्य (Producers Price) र उपभोक्ताको मूल्य (Purchasers Price) मुख्य हुन्।नेपालमा मूल्यसँग सम्बन्धित तथ्याङ्कहरू मुख्यतः नेपाल राष्ट्र बैङ्क र राष्ट्रिय तथ्याङ्क कार्यालय (मूल्य शाखा) बाट प्रकाशन हुने गरेका छन्।नेपाल राष्ट्र बैंकबाट Consumer Price Index (CPI), Wholesale Price Index (WPI), Salary and Wage Rate Index (SWRI) जस्ता तथ्याङ्कहरू प्रकाशन हुने गर्दछन भने राष्ट्रिय तथ्याङ्क कार्यालयबाट औद्योगिक मूल्य (Manufacturer's Price Index and Producer's Price Index), निर्माण सामाग्री मूल्य (IPICS) तथा कृषि उत्पादनको कृषक मूल्य (APPI), Trade Margin पत्ता लगाउन Distributive Trade Survey सम्बन्धी तथ्याङ्क संकलन र प्रकाशन हुने गरेका छन्।यी निकायहरुबाट प्रकाशित तथ्याङ्कहरु सूचकाङ्कमा मात्र केन्द्रित र वस्तुगत रुपमा मात्र हुने गरेको देखिन्छ।यस परिप्रेक्षमा आम उपभोक्तालाई बजारमा वस्तुको वास्तविक बिक्री मूल्य जानकारी प्रदान गर्ने मूल्य र मूल्यलाई प्रभाव पार्ने अन्य तत्वहरूको पनि समग्र जानकारी एकै स्थानबाट प्रदान गर्न यो प्रतिवेदन तयार गरिएको हो।

उपभोक्ता संरक्षणको क्षेत्रमा अत्यावश्यक वस्तुको मूल्य अनुगमन र विश्लेषण अपरिहार्य मानिन्छ।कुनै वस्तुको आकस्मिक तथा अस्वभाविक मूल्यमा वृद्धि भएमा Price Stabilization Fund Trust बाट उक्त वस्तुको

अस्वभाविक मूल्यमा नियन्त्रण गरि उपभोक्ता संरक्षणमा योगदान दिने गरेको पाईन्छ। नेपालको सन्दर्भमा विगतका वर्षहरूमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट उपत्यकाका विभिन्न बजार केन्द्रहरूमा गई मूल्य सूची संकलन गरि चौमासिक रुपमा चौमासिक मूल्य विश्लेषण प्रतिवेदन प्रकाशन गरिने गरिएको थियो। आर्थिक वर्ष २०८०/८१ को श्रावणबाट नेपालभर रहेका वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयबाट यस विभागमा प्राप्त मासिक औषत मूल्य र विभिन्न वस्तुगत संघ संस्थाबाट मासिक रुपमा प्राप्त हुने मूल्य समेत समावेश गरि बजार मूल्यसँग सरोकार राख्ने सबैलाई मूल्यका अतिरिक्त मूल्यलाई प्रभाव पार्ने अन्य तत्व सम्बन्धी तथ्याङ्कहरूको पनि जानकारी प्रदान गर्ने उद्देश्यले मासिक रुपमा प्रतिवेदन तयार गर्ने गरिएकोमा आ.व. २०८१/८२ को श्रावणदेखी हालसम्म विविध कारणवस मूल्य विश्लेषण प्रतिवेदन सार्वजनिक गर्न नसकिएकोमा आ.व. २०८२/८३ को श्रावण देखि कार्तिक सम्मको प्रथम चौमासिक मूल्य विश्लेषण प्रतिवेदन सार्वजनिक गरिएको छ। यसपश्चात् मासिक रूपमा मूल्य विश्लेषण प्रतिवेदन सार्वजनिक गर्दै लगिने छ। यस प्रतिवेदनमा समावेश भएका तथ्याङ्कहरू मध्ये केहिको मासिक मूल्य विभाग आफैंले प्राथमिक तथ्याङ्कको रुपमा संकलन गर्नुका साथै यस विभाग अन्तरगतका पाँचवटा वाणिज्य कार्यालयबाट प्रत्येक महिना प्राप्त हुने मूल्य सम्बन्धी विवरण समेत प्राथमिक तथ्याङ्कको रुपमा प्रयोग गरिएको छ भने यसका अलवा अधिकांश तथ्याङ्कहरू विभिन्न सरकारी निकाय, व्यापार सम्बद्ध संघसंस्था आदिबाट संकलन गरि द्बितिय तथ्याङ्कको रुपमा प्रयोग गरिएको छ। यो चौमासिक मूल्य विश्लेषणले आम उपभोक्ता अधिकारकर्मी, विद्यार्थी, अनुसन्धानकर्ताहरू तथा मूल्यसँग सरोकार राख्नुहुने सम्पुर्ण व्याक्तित्वहरुलाई सहयोगी सिद्ध हुने आशा राखिएको छ।

## २. मूल्यः

"मूल्य" भन्नाले कुनै उत्पादन, वस्तु वा सेवाको मौद्रिक विनिमय लाई बुझाउँछ। बजारमा किन्ने, बेच्ने वा व्यापार गर्ने कुनै पनि वस्तुलाई तोकिएको पैसा वा रकमले मूल्यलाई बुझाउँछ। यसले कुनै चीजको मौद्रिक मानलाई प्रतिनिधित्व गर्नुका साथै खरिदकर्ता र विक्रेताहरू बीचको विनिमय मूल्यलाई प्रतिबिम्बित गर्दछ। मूल्य आपूर्ति र माग, उत्पादन लागत, प्रतिस्पर्धा, बजार प्रवृत्ति, र उपभोक्ता प्राथमिकताहरू सहित विभिन्न कारकहरू द्वारा निर्धारण गरिन्छ। आर्थिक सर्तहरूमा, मूल्यले स्रोतहरू बाँडफाँड गर्न, उपभोक्ता व्यवहार निर्धारण गर्न र बजार गतिशीलतालाई आकार दिन महत्त्वपूर्ण भूमिका खेल्छ। यसले आपूर्ति र मागलाई सन्तुलनमा राख्ने संयन्त्रको रूपमा काम गर्दछ, साथै उत्पादकहरूलाई स्रोतहरू कुशलतापूर्वक बाँडफाँड गर्नको लागि संकेत गर्दछ। वस्तुको मूल्यले बजारमा उत्पादकहरु र उपभोक्ताहरुको निर्णयहरु लाई प्रभावित गर्ने गर्दछ।

## ३. मूल्यलाई प्रभाव पार्ने तत्वहरूः

बजारमा देखिएका विभिन्न प्रकारका तत्वहरूले मूल्यमा उतारचढाव देखिने गर्दछ। धेरै कारक तत्वहरूले उत्पादन, सेवा, वा वस्तुको मूल्यलाई असर गर्न सक्छ। जसमध्येका केही तत्वहरूको बारेमा यहाँ चर्चा गरिएको छ।

**आपूर्ति र मागः** आपूर्ति र मागबीचको सम्बन्ध मूल्यलाई प्रभाव पार्ने सबैभन्दा महत्त्वपूर्ण कारकहरू मध्ये एक हो। यदि माग आपूर्ति भन्दा बढी छ भने बजारमा मूल्य बढ्छ र आपूर्ति माग भन्दा बढी छ भने बजारमा मूल्य घट्छ।

**उत्पादन लागतः** कच्चा माल सामान, श्रम, उत्पादन प्रकृया तथा उत्पादन भएको कूल परिमाणको लागतले वस्तुको मूल्य निर्धारण मा महत्वपूर्ण भूमिका खेल्छ। उच्च उत्पादन लागत भएमा अक्सर उच्च मूल्य हुने गरेको पाईन्छ।

**प्रतिस्पर्धाः** बजारमा प्रतिस्पर्धाको स्तरले मूल्य निर्धारणलाई असर गर्न सक्छ। प्रतिस्पर्धी बजारमा, व्यवसायीहरूले ग्राहकहरूलाई आकर्षित गर्न मूल्य घटाउन सक्छन् भने एकाधिकार वा कम प्रतिस्पर्धी बजारमा सामान्यतया वस्तुको मूल्य बढी रहने गरेको पाईन्छ।

**बजार सर्तहरू:** मुद्रास्फीति, मन्दी वा आर्थिक वृद्धि जस्ता आर्थिक अवस्थाहरूले उपभोक्ताको क्रय शक्तिलाई प्रभाव पार्न सक्छ जसले गर्दा पनि मूल्यमा प्रत्यक्ष प्रभाव परेको हुन्छ।

**उपभोक्ताका प्राथमिकताहरू:** उपभोक्ताका प्राथमिकताहरू र प्रवृत्तिहरूले निश्चित उत्पादन वा सेवाहरूको मागमा परिवर्तन ल्याउन सक्छ, जसले गर्दा त्यससँग सम्बन्धित वस्तुहरूको मूल्यहरूलाई असर गर्न सक्दछ।

**ब्रान्ड र प्रतिष्ठाः** राम्रोसँग स्थापित ब्रान्ड तथा प्रतिष्ठाले गर्दा उक्त ब्राण्डवाट उत्पादित वस्तु को गुणस्तर को प्रभावका कारणले गर्दा बजारमूल्यमा फरकपन आउने गर्दछ।

**सरकारी नीति, नियम तथा करः** सरकारी तवरबाट जारी गरिएका विभिन्न वाणिज्य तथा उपभोक्ता हित संरक्षण सम्बन्धी नीतिहरू, नियमहरू, राजश्व, कर आदिका कारणले प्रत्यक्ष रूपमा मूल्यहरूलाई असर गर्दछन।

**मुद्रा विनिमय दरः** अन्तर्राष्ट्रिय रूपमा व्यापार गरिएका सामानहरूको लागि, मुद्रा विनिमय दरहरूमा हुने उतार-चढ़ावले आयात र निर्यात मूल्यहरूलाई असर गर्दछ।

**मौसमीताः** केही उत्पादन वा सेवाहरूमा मौसमी मागको उतार चढाव हुन्छ। जसले मूल्य निर्धारणलाई असर गर्न सक्छ। उदाहरणका लागि, चाडपर्वको मौसममा बिदा-सम्बन्धित वस्तुहरूको मूल्य बढ्न सक्छ।

**पूँजीको लागतः** ऋण लिने पैसा र ब्याज दरहरूले मूल्य निर्धारण निर्णयहरूलाई प्रभाव पार्न सक्छ, विशेष गरि सामान उत्पादन गर्ने उद्योगहरूको पूँजीको लागतमा हुने घटवढले गर्दा मूल्यमा प्रत्यक्ष असर देखिने गर्दछ।

**प्रविधि को प्रयोगः** प्राविधिक प्रगतिहरूले गर्दा उत्पादन प्रक्रिया र लागतहरूलाई असर गर्न सक्छ, जसले मूल्य निर्धारण रणनीतिहरूलाई समेत प्रभाव गरि मूल्यमा असर गर्न सक्दछ।

**विश्वव्यापी घटनाहरूः** प्रमुख विश्वव्यापी घटनाहरू जस्तै प्राकृतिक प्रकोपहरू, भू-राजनीतिक द्वन्द्वहरू, अन्तर्राष्ट्रिय रुपमा हुने करका दर परिवर्तन र महामारीहरूले आपूर्ति शृङ्खलामा बाधा उत्पन्न भई मूल्यमा प्रभाव पुऱ्याउन सक्छन्।

**अनुमानित मूल्यः** उपभोक्ताहरू बीचको उत्पादन वा सेवाको कथित मूल्यले उनीहरूले तिर्न इच्छुक मूल्यलाई प्रभाव पार्न सक्छ। प्रभावकारी मार्केटिङ र ब्रान्डिङले यस धारणालाई प्रभाव पार्न सक्छ।

**बजार विभाजनः** विभिन्न बजार खण्डहरूमा आधारित मूल्यहरू भिन्न हुन सक्छन।एउटै सामानको मूल्य पनि फरक फरक खण्डमा फरक फरक हुने गर्दछ।जस्तै लक्जरी बजारहरू र सस्तो बजारहरू मा पर्ने वस्तुको मूल्यमा हुने फरकपनलाई बजार विभाजनबाट हुने मूल्य भिन्नताको संज्ञा दिन सकिन्छ।

**पेट्रोलियम पदार्थको मूल्यः** पेट्रोलियम पदार्थमा को मूल्यमा हुने उतारचढावले गर्दा वस्तुको ढुवानी मा लाग्ने खर्चमा घटबढ भई लागत खर्चमा प्रभाव पार्ने हुँदा मूल्यमा प्रभाव पार्ने गर्दछ।

## ४. उपभोग्य वस्तुको मूल्य नीतिः

खाद्यान्न लगायतका उपभोग्य वस्तुको मूल्यमा वृद्धि हुँदै जाने प्रबृत्तिलाई नियोजित र नियन्त्रित गर्न नेपाल सरकारले बजार अनुगमनलाई तिब्रता प्रदान गरेको तथ्य सर्वविदितै छ।बजार व्यवस्थापन र मूल्य नियन्त्रण गर्ने सरकारी नीति र कानूनी प्रावधानहरु रहेका छन्।उपभोक्ता संरक्षण ऐन, २०७५ तथा सो सम्बन्धी नियमावली, २०७६ मा सरकारको निर्देशन

उल्लंघन गर्नेलाई तत्काल कारबाही गर्न सकिने व्यबस्था समेत रहेको कुरा यस प्रसंगमा स्मरणीय छ। उपभोक्ता संरक्षण ऐन, २०७५ मा व्यबस्था भएअनुसारको वितरण प्रणाली विकास गर्न सरकारी संस्थाहरुको क्षमता वृद्धि गर्दै खाद्यान्न अभाव भएका क्षेत्रको पहिचान गरि आवश्यक खाद्यान्नको आपूर्ति गर्न सरकारले थप श्रोतको व्यवस्था गर्नु पर्दछ। त्यसको लागि भण्डारण क्षमताको वृद्धि गर्दै कम आय भएका तथा विपन्न वर्गको पहिचान गरि अभिलेख तयार गर्नु आवश्यक हुन आउँछ।

नेपालको खाद्यान्न उत्पादन तथा माग र आपूर्तिको विश्लेषण गरि बाह्य स्रोतबाट आयात गर्न, आन्तरिक उत्पादन वृद्धि गर्ने नीति/कार्यक्रम तर्फ ध्यान दिनु पनि आवश्यक छ। यसको लागि कृषि तथा पशुपंछी विकास मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबीचको सहकार्य र समन्वयलाई थप प्रभावकारी बनाई यसलाई प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्दछ।

यस आ.व. २०८२/८३ को पहिलो चौमासिकमा देशमा भएका विभिन्न आन्दोलन, वन्द हड्ताल, सरकार परिवर्तन आदिले बजार मूल्यमा सामान्य उतारचढाव ल्याएको छ। तसर्थ भविष्यमा मूल्य स्थिरता कायम गरि सोही अनुसारको विकल्पको विकास गर्न सरकारी संस्थानहरूलाई पनि सक्षम तुल्याउनु पर्छ। तरकारी, फलफूल लगायत खाद्यान्नको सन्दर्भमा उत्पादन मूल्य भन्दा विचौलिया (Middleman) ले गर्दा चर्को मूल्यवृद्धि भएको पुष्टि हुन आएको छ। यस्ता किसिमका प्रवृतिलाई निरुत्साहित गर्न व्यापारका विकल्पहरु संस्थान, सहकारी, व्यापारिक संजाल, साझेदारी जस्ता पद्धतिहरुको विकास गर्नु पनि आवश्यक छ। त्यस्तै मूल्यसूची नराख्ने पसलेलाई तत्काल दण्ड जरीवाना गर्ने ब्यवस्था अनुसार जरिवाना गर्नुपर्दछ भने निश्चित मूल्यको व्यवस्था गर्नका लागि थोक बिक्रेताहरूले उपभोक्ता संरक्षणमा ध्यान दिई चर्को मूल्य वृद्धि हुनबाट रोक्न सहयोग गर्नुपनि त्यतिकै अपरिहार्य छ।

यसरी बजारको मूल्य निर्धारण स्वतन्त्र अर्थ-व्यवस्थामा प्रतिस्पर्धाको आधारमा हुने भनिएपनि देशको प्रशासनिक संरचनाले त्यसको लागि नियमन कार्यलाई प्राथमिकताका साथ सम्पादन गरेमा अनियन्त्रित बजारलाई व्यवस्थित गर्न सकिन्छ। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागलाई त्यस कार्यमा सरकारी निकाय तथा उपभोक्ता संघ/संगठनहरुको सहयोग अपरिहार्य रहेको छ।

**५. मूल्य नियन्त्रण गर्ने उपायहरू:**

बजारमा विभिन्न कारणवाट मूल्यमा परिवर्तन आउने भएपनि सामान्यतया मूल्य मा अधिक उतार चढाव हुनबाट रोक्न तथा असामान्य रुपमा हुने मूल्यवृद्धि तथा कालोबजारी हुन नदिई मूल्य नियन्त्रणका लागि नेपाल सरकारका तर्फबाट विभिन्न नीतिगत, कानूनी संस्थागत तथा व्यवहारिक व्यवस्था भएको छ, जसले गर्दा मूल्य नियन्त्रणमा सरकारको प्रत्यक्ष हस्तक्षेपकारी भूमिका प्रदान गरिरहेको अवस्थामा यसको अलावा देहायबमोजिमका उपायहरू अपनाउँदा अझै मूल्य नियन्त्रणलाई प्रभावकारी बनाउन सकिन्छ।

- वस्तुको उत्पादनलाई बढावा दिने,
- वितरणकारी तहहरू कम गर्ने,
- आपूर्ति व्यवस्थापन प्रभावकारी बनाउने,
- विचौलियाले मूल्य वृद्धि गर्ने प्रवृत्तीलाई अन्त्य गर्ने,
- सिण्डिकेट/कार्टेलिङ्गको अन्त्य गरि स्वच्छ प्रतिस्पर्धी बजारको निर्माण गर्ने,
- नियमित बजार अनुगमन कार्य गर्ने।

**६. मूल्य तथ्याङ्कको महत्वः**

हरेक तथ्याङ्कको जस्तै मूल्य सम्बन्धी आधिकारीक तथ्याङ्कको पनि आफ्नै महत्व रहेको छ। मूल्य तथ्याङ्कको महत्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

- विभिन्न वस्तु वा सेवाहरूको मूल्यमा आएको आवधिक परिवर्तनलाई मापन गर्न,
- उपलब्ध वस्तु तथा सेवाहरूको अवस्था यकिन गरि व्यापारिक गतिविधिको व्यवस्थापन गर्न,
- मुद्राको क्रय शक्ति क्षमता (Purchasing Power of Parity) मापन गर्न,
- विगत र वर्तमानको तथ्याङ्कबाट भविष्यको मूल्य प्रणाली प्रक्षेपण गर्न,
- आर्थिक नीति निर्माण, योजना तर्जुमा, अनुगमन र मूल्याङ्कन गर्न,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा मूल्यको तुलनात्मक अध्ययन गर्न,
- बजार अनुगमनको क्षेत्र पहिचान गर्न, आदि।

यसरी समग्रमा भन्दा मूल्य तथ्याङ्कको आर्थिक क्षेत्रमा अत्यन्त महत्वपूर्ण भूमिका रहेको देखिन्छ। कुनै पनि मुलुकको आर्थिक गतिविधिलाई यसले सूचकको रुपमा दर्शाउने काम गरेको हुन्छ। यस अर्थमा पनि यसले कुनै पनि देशको अर्थ व्यवस्थाको नियमन र नियन्त्रणमा सहयोग गर्दछ।

## ७. अत्यावश्यक वस्तुहरूको मासिक मूल्य समिक्षाः

### ७.१ वाणिज्य कार्यालयरूबाट संकलित मूल्य तथ्यांकः

मासिक रुपमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको मातहतमा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरूबाट २०८२ श्रावण महिना देखी २०८२कार्तिक महिनासम्म संकलन गरिएको मासिक औषत मूल्यका आधारमा गरिएको चौमासिक औषत अधिकतम खुद्रा बिक्री मूल्य यसप्रकार रहेको छ।

**तालिका नं.१ : वाणिज्य कार्यालयहरुबाट आ.व २०८२/८३ को प्रथम चौमासिकमा संकलित चौमासिक औषत बजार मूल्य**

**प्रतिकिलो रू**

| वस्तुको नाम | ईकाई | विराटनगरको प्रथम चौमासिक औषत मूल्य | विरगञ्जको प्रथम चौमासिक औषत मूल्य | भैरहवाको प्रथम चौमासिक औषत मूल्य | नेपालगञ्जको प्रथम चौमासिक औषत मूल्य | धनगढीको प्रथम चौमासिक औषत मूल्य | न्यूनतम औषत मूल्य | अधिकतम औषत मूल्य | परिवर्तन रू. |
|---|---|---|---|---|---|---|---|---|---|
| जनरल सोना मन्सुली | के.जी | ५९ | ७० | ७१ | ७८ | ७६ | ५९ | ७८ | १९ |
| स्टिम जिरा मसिनो | के.जी | ८६ | ८५ | ७३ | ८८ | ९१ | ७३ | ९१ | १८ |
| जनरल जीरा मसिनो | के.जी | ८८ | ८० | ८३ | ७९ | ९४ | ७९ | ९४ | १५ |
| बास्मती | के.जी | १४६ | १५० | २२२ | १५० | १६५ | १४६ | २२२ | ६६ |
| मोटा | के.जी | ६० | ६२ | ६८ | ६५ | ५२ | ५२ | ६८ | १६ |
| मकै | के.जी | ९६ | ९० | ११४ | १३५ | १३२ | ९० | १३५ | ४५ |
| गहूँ | के.जी | ६५ | ४० | ७२ | ५० | - | ४० | ६५ | २५ |
| आँटा | के.जी | ८० | ७० | ७३ | ७८ | ७१ | ७० | ८० | १० |
| मैदा | के.जी | ७६ | ७० | ८२ | ८० | ७२ | ७० | ८२ | १२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सूजी | के.जी | ८४ | ८० | ९० | ९० | ९९ | ८० | ९९ | १९ |
| ताईचिन चिउरा | के.जी | १०७ | १०० | १०१ | १४६ | १२२ | १०० | १४६ | ४६ |
| पातलो चिउरा | के.जी | ७१ | ६५ | ९१ | १२३ | १३३ | ६५ | १३३ | ६८ |
| मसुरो(मसिनो) | के.जी | १३८ | १६० | १६१ | १६५ | १५८ | १३८ | १६५ | २७ |
| मसुरो(मोटो) | के.जी | १०५ | १३० | १४१ | १४६ | १५२ | १०५ | १५२ | ४७ |
| मास | के.जी | १८३ | १७० | १९० | १९३ | १८९ | १७० | १९३ | २३ |
| रहर पोलिस | के.जी | १८५ | १८० | २०४ | २०३ | २१४ | १८० | २१४ | ३४ |
| रहर ननपोलिस | के.जी | २०३ | १९० | १९१ | १९३ | २१४ | १९० | २१४ | २४ |
| मुंगी खोस्टा भएको | के.जी | १७७ | १४० | १८० | १९८ | १९२ | १४० | १९८ | ५८ |
| मुंगी खोस्टा नभएको | के.जी | १८२ | १५० | १८१ | २०८ | १९५ | १५० | २०८ | ५८ |
| चना ठूलो | के.जी | - | १८० | १४२ | १४५ | १४९ | १४२ | १८० | ३८ |
| चना मझौला | के.जी | १४० | १४० | १६१ | १४० | १५० | १४० | १६१ | २१ |
| सेतो केराउ | के.जी | ११५ | १२० | १५९ | ११० | ११७ | ११० | १५९ | ४९ |
| बोडी | के.जी | १६५ | १२० | २३८ | १९३ | १८२ | १२० | २३८ | ११८ |
| राज्मा/सिमी | के.जी | १८७ | १६० | १६९ | २०३ | २१३ | १६० | २१३ | ५३ |
| काउली चना | के.जी | १८२ | २०० | २१९ | १९८ | २०९ | १८२ | २१९ | ३७ |
| सानो केराउ | के.जी | १७० | १६० | १२३ | १२८ | १९५ | १२३ | १९५ | ७२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| हरीयो केराउ | के.जी | १३३ | २२० | १५९ | १७५ | १६३ | १३३ | २२० | ८७ |
| भटमास | के.जी | १७० | १२० | १४१ | १७० | ११९ | ११९ | १७० | ५१ |
| चिनी मोटो | के.जी | ९२ | ९० | ९१ | ९३ | १०१ | ९० | १०१ | ११ |
| चिनी मसिनो | के.जी | - | ९० | ९१ | ९९ | १०० | ९० | १०० | १० |
| तोरी तेल | लिटर | २७० | २३० | ३५८ | ३५० | २५३ | २३० | ३५८ | १२८ |
| भटमास तेल | लिटर | २४० | २१० | २४३ | २४८ | २५० | २१० | २५० | ४० |
| सूर्यमूखी तेल | लिटर | २४० | २३० | २४५ | २५६ | २५० | २३० | २५६ | २६ |
| दुध गाईभैसी | लिटर | ९५ | ९० | १०० | १०० | ९० | ९० | १०० | १० |
| दही | लिटर | १४३ | १८० | १६० | १४० | १४० | १४० | १८० | ४० |
| घ्यू | के.जी | १२१९ | १५०० | १३०० | १४०० | १२०० | १२१९ | १५०० | २८१ |
| पनिर | के.जी | ७९३ | ७५० | ८२३ | ८५० | ८०० | ७५० | ८५० | ५० |
| आलु (रातो) | के.जी | ५५ | ६० | ४३ | ५१ | ५० | ४३ | ६० | १७ |
| आलु (सेतो) | के.जी | ४९ | - | ४३ | ३५ | ४० | ३५ | ४९ | १४ |
| काउली | के.जी | १२७ | १०० | १४५ | ९० | १११ | ९० | १४५ | ५५ |
| जीरा | के.जी | ५०४ | - | ५८३ | ६३८ | ६३९ | ५०४ | ६३९ | १३५ |
| धनिया गेडा | के.जी | १९६ | २५० | १९५ | २३३ | २३२ | १९५ | २५० | ५५ |
| प्याज | के.जी | ४६ | ४० | ५९ | ७८ | ५५ | ४० | ७८ | ३८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| अदुवा | के.जी | ११८ | ३५० | १७३ | १४८ | ११४ | ११४ | ३५० | २३६ |
| लसुन सुकेको | के.जी | २२२ | - | २५१ | १५४ | १५८ | १५४ | २५१ | १०३ |
| खुर्सानी सुकेको | के.जी | ३७० | ३४० | ४३४ | ३४८ | ४४४ | ३४० | ४४४ | १०४ |
| खूर्सानी हरीयो | के.जी | १२८ | १२० | १३९ | १०० | १२० | १०० | १३९ | ३९ |
| गोलभेंडा | के.जी | ९७ | १६० | १०१ | ९३ | ९४ | ९३ | १६० | ६७ |
| अण्डा | प्र.गोटा | २० | १५ | १८ | १७ | १७ | १५ | २० | ५ |
| खसी | के.जी | १०२५ | १०५० | १०१० | १०२५ | १००० | १००० | १०५४ | ५४ |
| बोईलर कुखुरा | के.जी | ३६५ | ३०० | ४०० | ३९३ | ४१६ | ३०० | ४१६ | ११६ |
| केरा | दर्जन | ८७ | ५० | १२३ | ९८ | ८० | ५० | १२३ | ७३ |
| अनार | के.जी | ३७९ | ३५० | ४०५ | ३२३ | ३३३ | ३२३ | ४०५ | ८२ |
| स्याउ | के.जी | २९६ | १८० | २३१ | २०० | २९१ | १८० | २९६ | ११६ |
| सुन्तला | के.जी | १६८ | ५० | १४५ | १५८ | १०५ | ५० | १६८ | ११८ |
| अंगुर | के.जी | ४५२ | - | ४०० | २१३ | ५३३ | २१३ | ५३३ | ३२० |
| माछा (लोकल) | के.जी | ४१३ | - | ३६३ | ३५३ | ४६१ | ३५३ | ४६१ | १०८ |
| माछा (बाहिरको) | के.जी | - | - | ३२५ | ३९० | ३७३ | ३२५ | ३९० | ६५ |

स्रोतः वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरू

### ७.१.१ विभिन्न स्थानबाट संकलित चौमासिक औषतमूल्यको तुलनात्मक अध्ययनः

**क. चामल**

यस आ.व. प्रथम चौमासिकमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरूबाट संकलन गरिएको अत्यावश्यक खाद्य वस्तुहरु मध्ये चामलको मूल्यमा गरिएको तुलनात्मक स्तम्भ चित्र यसप्रकार रहेको छ।

**चित्र.नं १ः चामलको औषत मूल्य प्रतिकिलो रू. मा**




*स्तम्भ चित्रानुसार विभिन्न शहरहरूमा सोना मन्सुली, स्टिम जिरा, जनरल जिरा र मोटा चामलको मूल्यमा सामान्य परिवर्तन आएको देखिन्छ भने बास्मती चालमको मूल्य अन्य शहरको भन्दा भैरहवाको धेरै देखिएको छ।*

**ख. दाल**

यस आ.व. को प्रथम चौमासिकमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरूबाट संकलन गरिएको अत्यावश्यक खाद्य वस्तुहरु मध्ये दालको मूल्यमा गरिएको तुलनात्मक स्तम्भ चित्र यसप्रकार रहेको छ।

**चित्र नं २ : दालको औषत मूल्य प्रतिकिलो रू. मा**




*सतम्भ चित्रानुसार यस आ.व.को प्रथम चौमासिक अवधिभर देशभरका प्रमुख शहरहरूको दालको मूल्यमा सामान्य परिवर्तन आएको देखिन्छ। यसले जिवनस्तरमा सामान्य नै प्रभाव पारेको देखिन्छ। यसरी हेर्दा तुलनातमक रूपमा बोडीको मूल्यमा बढी उतारचढाव देखिन्छ र मासको मूल्यमा न्यून उतारचढाव देखिन्छ।*

### ग. गेडागुडी

यस आ.व. को प्रथम चौमासिक अवधीमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरूबाट संकलन गरिएको अत्यावश्यक खाद्य वस्तुहरु मध्ये गेडागुडीको मूल्यमा गरिएको तुलनात्मक स्तम्भ चित्र यसप्रकार रहेको छ।

**चित्र नं ३ गेडागुडीको औषत मूल्य प्रतिकिलो रू. मा**




*स्तम्भ चित्रानुसार अन्य गेडागुडीको मूल्यमा देशैभर सामान्य परिवर्तन आएको देखिन्छ। तर हरियो केराउको मूल्यमा भने मध्यम तरिकाले परिवर्तन आएको देखिन्छ। यसले जनजीवनमा सामान्य देखी मध्यम प्रभाव पारेको देखिन्छ।*

## घ. तरकारी/मसला

यस आ.व प्रथम चौमासिकमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरूबाट संकलन गरिएको अत्यावश्यक खाद्य वस्तुहरु मध्ये तरकारी/मसलाको मूल्यमा गरिएको तुलनात्मक स्तम्भ चित्र यसप्रकार रहेको छ।

**चित्र नं ४ तरकारी/मसलाको औषत मूल्य रू.मा**




*स्तम्भ चित्रानुसार देशभरका विभिन्न शहरहरूमा विभिन्न तरकारी तथा मसलाको प्रथम चौमासिक औषतम मूल्यमा उतारचढाव नै देखिन्छ। आलु काउली र प्याजमा सामान्य परिवर्तन देखिएतापनी अदुवा, गोलभेडा, लसुन सुकेको र खुर्सानी सुकेको जस्ता मसलाजन्य खाद्यवस्तुमा वृहत उतारचढाव देखिएको छ।*

## ङ. फलफूल

यस आ.व. प्रथम चौमासिकमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरूबाट संकलन गरिएको अत्यावश्यक खाद्य वस्तुहरु मध्ये मुख्य फलफूलको मूल्यमा गरिएको तुलनात्मक स्तम्भ चित्र यसप्रकार रहेको छ।

**चित्र नं. ५ : फलफूलको औषत मूल्य रू. मा**




*उल्लेखित स्तम्भ चित्रानुसार विभिन्न शहरहरूमा फलफूलको मूल्यमा वृहद् उतारचढाव आएको देखिन्छ। सुन्तला, अङ्गुर लगायतका फलफूलको मूल्यमा असामान्य उतारचढाव देखिनुले विभिन्न शहरको फलफूलको मूल्यमा समेत सोही समानुपातमा परिवर्तन भएको छ।*

### च. माछा, मासु र अण्डा

यस आ.व. को प्रथम चौमासिकमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरूबाट संकलन गरिएको अत्यावश्यक खाद्य माछा, मासु र अण्डाको मूल्यमा गरिएको तुलनात्मक स्तम्भ चित्र यसप्रकार रहेको छ।

**चित्र नं. ६ : माछा, मासु र अण्डाको औषत मूल्य रू. मा**




*उल्लेखित स्तम्भ चित्रानुसार माछा मासु अण्डाको औषत मूल्यमा सामान्य परिवर्तन आएको देखिन्छ। लोकल माछाको मूल्यमा केही बढी उतारचढाव देखिएतापनि सम्बन्धित ठाउँमा माछाको उपलब्धताको हिसावले सामन्य नै मान्न सकिन्छ।*

## ७.२ फलफूल तथा तरकारीको खुद्रा मूल्यको अवस्था

कालिमाटी फलफूल तथा तरकारी बजार व्यवस्थापन समितिले हरेक दिन त्यस बजारको तरकारी तथा फलफूलको थोक तथा खुद्रा मूल्य प्रकाशन गर्ने गर्दछ। यस विभागले २०८२ श्रावण देखि कार्तिकसम्म हरेक महिनाको ५ गते, १५ गते र २५ गतेको फलफूल तथा तरकारीको न्यूनतम र अधिकतम मूल्यको औषतलाई आधार मानि प्रथम चौमासिक मूल्य समिक्षा गरेको छ। तोकिएको मितिमा कारणवस मूल्य सार्वजनिक नभएको भए अर्को दिनको फलफूल तथा तरकारीको औषत मूल्यलाई यस मूल्य विश्लेषण प्रयोजनका लागि प्रयोग गरेको छ।समिक्षा अवधिभरका विभिन्न मितिको औषत मूल्य तलको तालिकामा प्रस्तुत गरिएको छ।

## तालिका नं.२ : तरकारी तथा फलफूलको खुद्रा मूल्य (प्रतिकिलो रू.मा)

| कृषि उपजको नाम | ईकाई | श्रावण ५ | श्रावण १५ | श्रावण २५ | भाद्र ५ | भाद्र १५ | भाद्र २६ | असोज ५ | असोज १५ | असोज २५ | कार्तिक ५ | कार्तिक १५ | कार्तिक २५ | न्यूनतम | अधिकतम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गोलभेडा ठूलो(नेपाली) | K.g | ६० | ५५ | ५५ | ८५ | ६५ | ६५ | - | ७५ | - | ४८ | ७० | - | ४८ | ८५ |
| गोलभेडाठूलो (भारतीय) | K.g | - | - | - | - | ८० | ७५ | - | ७५ | ७५ | ६३ | ७५ | ९५ | ६३ | ९५ |
| गोलभेडा सानो(लोकल) | K.g | - | २७ | २६ | २९ | १८ | ४० | ३७ | ३९ | ३४ | २५ | ७२ | ३७ | १८ | ७२ |
| गोलभेडा सानो(टनेल) | K.g | २९ | ३५ | ३८ | ३७ | ३४ | ५२ | ५४ | ५० | ५० | ४१ | ८७ | ८७ | २९ | ८७ |
| आलु रातो | K.g | ४४ | ४४ | ४८ | ५० | ५१ | ५४ | ५१ | ५१ | ५४ | ६७ | ८३ | ५८ | ४४ | ८३ |
| आलु रातो(भारतीय) | K.g | ३१ | २८ | ३३ | ३० | २७ | ३९ | ३२ | २९ | ३८ | ३३ | ५२ | ४४ | २७ | ५२ |
| आलु रातो(मुडे) | K.g | ३९ | ३८ | ४४ | ४५ | ४३ | ४५ | ४३ | ४३ | ४७ | ४६ | - | - | ३९ | ४७ |
| आलु सेतो | K.g | ३९ | - | ३९ | ३८ | ३९ | ३९ | - | ३९ | - | ५३ | ६२ | ४१ | ३८ | ६२ |
| प्याज सुकेको (भारतीय) | K.g | ३९ | ३८ | ३७ | ४३ | ३९ | ४० | ३५ | ३८ | ३६ | ३३ | ३९ | ३७ | ३३ | ४० |
| गाजर(लोकल) | K.g | ९५ | ९५ | ९५ | १२५ | १२५ | ११० | ११५ | १३५ | १२५ | ११५ | १२५ | १२५ | ९५ | १३५ |
| गाजर तराई | K.g | ८५ | ८५ | ८५ | ११० | १०० | ९५ | १०० | ११५ | ९५ | १०५ | १०५ | ९५ | ८५ | ११५ |
| बन्दा(लोकल) | K.g | ३० | २८ | २० | ३४ | ३८ | ५० | ४५ | ५५ | ५० | ४८ | ७० | ५५ | २० | ७० |
| काउली स्थानिय | K.g | ६५ | ६५ | ९५ | १२० | ८५ | ७५ | ५८ | ९५ | ७५ | ११५ | १४५ | ११५ | ५८ | १४५ |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मूला रातो | K.g | ४३ | ४० | ४५ | ५० | ४५ | ५० | ४० | ४५ | ५० | ५५ | ४५ | ४५ | ४० | ५५ |
| मूला सेतो(लोकल) | K.g | - | - | - | - | - | - | - | ९५ | - | ४० | ३५ | २८ | - | - |
| सेतो मूला(हाइब्रीड) | K.g | २५ | ३० | ४५ | ४६ | ४८ | ४५ | ४५ | - | ६३ | ५० | ४९ | ३५ | २५ | ६३ |
| भन्टा लाम्चो | K.g | १५ | १५ | २५ | ५० | ३० | ३५ | २५ | २० | ३० | ५३ | ६५ | ६५ | १५ | ६५ |
| भन्टा डल्लो | K.g | ३५ | ३३ | ३५ | ६० | ४० | ४० | ४० | ३० | ४० | ८५ | ७५ | ८० | ३० | ८५ |
| बोडी(तने) | K.g | २० | ४५ | ८७ | १०८ | ७५ | ९० | ११० | ११५ | १६० | १२५ | १४३ | १८० | २० | १८० |
| मकै बोडी | K.g | ५५ | ५५ | ७५ | ८३ | ७५ | - | १०५ | ८५ | ६५ | ६० | ६० | ७५ | ५५ | १०५ |
| घिउ सिमी(लोकल) | K.g | ३५ | ४५ | ९३ | ११५ | ९५ | ९० | १०५ | १०५ | ९५ | ९० | ८५ | १२० | ३५ | १२० |
| घिउ सिमी(हाइब्रीड) | K.g | ३५ | ३५ | ८५ | १०३ | ९० | ९० | १०५ | १०५ | ९५ | ९० | ८० | १२० | ३५ | १२० |
| घिउ सिमी(राजमा) | K.g | १०५ | - | १४० | - | - | - | - | - | २१० | २२५ | १९० | ११० | १०५ | २१० |
| टाटे सिमी | K.g | ६५ | ५० | ६५ | १०५ | ७५ | - | ७५ | ५५ | ६५ | ११५ | - | १३५ | ५० | १३५ |
| भटमासकोशा | K.g | १२५ | ११० | १३० | ११५ | ११० | ११० | ८० | ८५ | ८० | ८५ | - | - | ८० | १३० |
| तितो करेला | K.g | १५ | १५ | ४५ | ७३ | ७० | ५५ | ५५ | ५५ | ५५ | ९५ | ८५ | १३५ | १५ | १३५ |
| लौका | K.g | २० | २५ | ५८ | ६८ | ५० | ५५ | ५५ | ६५ | ५५ | ७० | ६५ | ९५ | २० | ९५ |
| परवर(लोकल) | K.g | - | ४५ | ७५ | ८५ | ५० | ५५ | ७० | ७५ | ७५ | ९५ | ७५ | ९५ | ४५ | ९५ |
| परवर(तराई) | K.g | ३५ | ४७ | ७५ | ८५ | ५० | ५५ | ७० | ७५ | ७५ | ९५ | ७५ | ९५ | ३५ | ९५ |
| चिचिण्डो | K.g | २० | २० | ३० | ५० | ३० | ३५ | २५ | ३० | ४० | ६५ | ५५ | - | २० | ६५ |
| घिरौला | K.g | २७ | २५ | ५५ | ६३ | ६५ | ६० | ६८ | ५५ | ७५ | ८५ | ६८ | १०५ | २५ | १०५ |
| झिगूनी | K.g | ४५ | ४५ | ६० | ७० | ४५ | ५५ | ८० | ९५ | - | - | - | - | ४५ | ९५ |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| फर्सी पाकेको | K.g | ४५ | ४५ | ४५ | ४३ | ५० | ५० | ६५ | ७५ | ६५ | ७० | ५० | ५० | ४३ | ७५ |
| फर्सी हरियो(लाम्चो) | K.g | २० | २० | ४५ | ६५ | ४५ | ३५ | ४५ | - | - | ७५ | ७५ | ८५ | २० | ८५ |
| भिण्डी | K.g | ३५ | ४५ | ६० | ७८ | ४५ | ५५ | ७५ | ८५ | १२५ | ८५ | ९५ | ११० | ३५ | १२५ |
| पिंडालू | K.g | ६५ | ६५ | ६५ | ७५ | ७५ | ६५ | ७५ | ७५ | ७५ | ७० | ९५ | ७५ | ६५ | ९५ |
| स्कूस | K.g | ३५ | ३५ | ३८ | ३५ | ३० | २५ | १३ | १५ | १३ | १५ | १८ | २३ | १३ | ३८ |
| रायो साग | K.g | ६५ | ४० | ७० | १२० | ११० | १३५ | ८० | १३५ | १४५ | १६० | १२५ | १२५ | ४० | १६० |
| तोरीको साग | K.g | ५५ | ४५ | ५५ | ८५ | ८५ | ११० | ७५ | ८५ | ७५ | ९५ | ८५ | ९५ | ४५ | ११० |
| प्याज हरियो | K.g | १९० | ११० | ७५ | ९० | ८५ | ९० | ७० | १२५ | ६५ | ९० | १४० | ९० | ७० | १९० |
| च्याउ(कन्य) | K.g | १३५ | १४० | १५५ | २२५ | १४५ | १४५ | १६० | १७५ | १८५ | १७५ | १९० | २२५ | १३५ | २२५ |
| च्याउ(डल्ले) | K.g | ३२५ | ३७५ | ४२५ | ४२५ | ३२५ | ३२५ | ३२५ | ४२५ | ३२५ | ३७५ | ३०० | ३७५ | ३०० | ४२५ |
| कुरीलो | K.g | २२५ | २५० | ३२५ | ३५० | ३५० | ४५० | ३७५ | ३७५ | ४०० | ४७५ | ५२५ | ८५० | २२५ | ८५० |
| न्यूरो | K.g | ७५ | ८५ | ८५ | ८५ | ८० | ८५ | ७५ | ७५ | ७५ | ७५ | - | - | ७५ | ८५ |
| ब्रोकाउली | K.g | ८० | १५० | २१० | २३५ | २७५ | २१० | १५० | १४५ | १८० | २१० | १९० | १५५ | ८० | २७५ |
| चुकुन्दर | K.g | ६५ | ६५ | ६५ | ६५ | ६५ | ६५ | ६५ | ६५ | ६५ | ८५ | ९५ | ९५ | ६५ | ९५ |
| रातो बन्दा | K.g | २०० | २३५ | २५० | २५५ | २७५ | - | १७० | १७५ | १७० | १३० | १३५ | ११५ | ११५ | २७५ |
| जिरीको साग | K.g | ९० | ९० | ८५ | ९० | ११० | - | १०० | १२५ | २२५ | २६५ | ३७५ | ३४० | ८५ | ३७५ |
| सेलरी | K.g | ११५ | ११० | ११० | १३५ | २६५ | - | ३१५ | २२५ | ३१५ | २५० | ३७५ | २७५ | ११० | ३७५ |
| पार्सले | K.g | ११०० | ११०० | १२०० | १२०० | १२५० | - | १००० | ८०० | ७५० | ५५० | ४५० | ६२५ | ४५० | १२५० |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुदीना | K.g | १९० | १६५ | २२५ | ५७५ | ८५० | - | ८०० | ७०० | ५५० | ५५० | ४२५ | ४२५ | १६५ | ८५० |
| इमली | K.g | १९५ | १९५ | १९५ | १८५ | १८५ | १८५ | १७५ | १७५ | १७५ | १७५ | १७५ | १७५ | १७५ | १९५ |
| तामा | K.g | ११० | ११० | ११० | १०५ | १०५ | ११० | ११० | ११५ | ११० | १२५ | १२५ | १२५ | १०५ | १२५ |
| तोफु | K.g | ११० | ११० | ११० | ११० | ११५ | ११० | १४० | १३५ | १३५ | १३५ | १३५ | १४० | ११० | १४० |
| गुन्दुक | K.g | ३२५ | ३२५ | २७५ | २७५ | २७५ | २७५ | २७५ | २७५ | २७५ | २७५ | २७५ | ३२५ | २७५ | ३२५ |
| स्याउ(फूजी) | K.g | ३२० | ३२५ | ३१५ | २९५ | ३०० | २८५ | २७५ | २७५ | २८० | २७५ | २८० | ३०० | २७५ | ३२५ |
| केरा | Dz | १३० | १३५ | १३८ | १४० | १३० | १२५ | १५५ | १२० | १३५ | १२५ | १३० | १४३ | १२० | १५५ |
| कागती | K.g | १३५ | १३५ | १२५ | १५५ | १३५ | १४० | १४० | १४० | १३५ | ११० | १२० | ११५ | ११० | १५५ |
| अनार | K.g | ३२५ | ३२५ | ३९० | ३४० | ३२५ | ३२५ | ३२५ | ३२५ | ३२५ | ३४० | ३२५ | ३९० | ३२५ | ३९० |
| सुन्तला भारतीय | K.g | - | - | - | ३२५ | ३१५ | - | - | १५० | १४५ | १२५ | १२५ | ११० | ११० | ३२५ |
| तरबुजा(हरियो) | K.g | ९५ | ७५ | ७० | ७५ | ७५ | - | ६० | ६५ | ६५ | ६५ | ७५ | ७८ | ६० | ९५ |
| मौसम | K.g | १५० | १५० | १५० | १५० | १५० | - | १५० | १५० | १७० | ९५ | ९५ | ९५ | ९५ | १७० |
| जुनार | K.g | २३५ | २३५ | २३० | २३५ | २३५ | - | २४५ | २५० | २५५ | २१५ | २४० | २७० | २१५ | २७० |
| भुई कटहर | pp | १५० | १५० | १५० | १४५ | १५० | - | १५० | १५० | १५५ | १५० | १५० | १७० | १४५ | १७० |
| काक्रो(लोकल) | K.g | ४५ | ४५ | ५५ | ५० | ४५ | ५८ | ७५ | ९५ | ६५ | ९५ | ११० | १३० | ४५ | १३० |
| काक्रो(हाइब्रीड) | K.g | १५ | १२ | २० | २५ | २५ | २५ | २५ | ७५ | ३५ | ५३ | ४० | ९० | १२ | ९० |
| रुख कटहर | K.g | ४० | ४५ | ४५ | ४५ | ४५ | - | - | - | - | - | - | - | ४० | ४५ |
| नासपाती(लोकल) | K.g | ३० | ५० | ८० | ८५ | ९० | ९० | ८५ | ८५ | ८५ | ५५ | - | १३० | ३० | १३० |
| नासपाती(चाइनिज) | K.g | - | २३० | २३५ | २३५ | २३५ | २१० | २३० | २१० | २२० | १६५ | २१० | २१० | १६५ | २३५ |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मेवा(भारतीय) | K.g | ९५ | ९५ | ९५ | ९५ | ९५ | ९५ | ९५ | ९५ | ९५ | ९५ | ९५ | ९८ | ९५ | ९८ |
| किवि | K.g | - | ६५० | ३७५ | ३७५ | ३७५ | - | २७५ | २७५ | २७५ | २४५ | २५० | २५० | २४५ | ६५० |
| आभोकाडो | K.g | - | ६२५ | २७५ | ३०० | ३०० | - | ३०० | २७५ | ३०० | ३२५ | ३०० | २७५ | २७५ | ६२५ |
| अदुवा | K.g | ९० | ८५ | १०५ | १०५ | ११० | ११० | १०५ | ११० | ११० | ९० | ८५ | ८० | ८० | १०५ |
| खुर्सानी सुकेको | K.g | ३२५ | ३५५ | ३२५ | ३५० | ३७५ | ३७५ | ३७५ | ३७५ | ३७५ | ३६५ | ३६५ | ३७५ | ३२५ | ३७५ |
